# विदुर नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
विदुर, नुवाकोट
बागमती प्रदेश, नेपाल

फोन: ०१०-५६०४६५
०१०-५६००६३


प.सं.:- ०८०/८१
च.नं.:-

मितिः २०८०।०९।०५

## सामाजिक सुरक्षा भत्ताको लागि नयाँ निवेदन दिने लाभग्राहीहरूको राष्ट्रिय परिचयपत्र नम्बर अनिवार्य गरिएको सम्बन्धी सूचना।।

नेपाल सरकार राष्ट्रिय परिचयपत्र तथा पञ्जीकरण विभागको पत्र संख्या २०८०/८१ चलानी नम्बर २५९ को प्राप्त पत्रानुसार सामाजिक सुरक्षा भत्ता वितरण प्रणालीलाई त्रुटिरहित बनाउन १६ बर्ष भन्दा माथिको व्यक्तिलाई नयाँ लाभग्राहीको रूपमा प्रणालीमा विवरण प्रविष्ट गर्दा राष्ट्रिय परिचय नम्बर अनिवार्य गराउन परिपत्र भएको हुँदा सामाजिक सुरक्षा भत्ताको लागि योग्य भई नयाँ निवेदन दिनको लागि सम्बन्धित वडा कार्यालयमा जाँदा लाभग्राहीहरूले अनिवार्य रूपमा राष्ट्रिय परिचयपत्रका लागि विवरण दर्ता गराई प्राप्त भएको वास्तविक राष्ट्रिय परिचयपत्र नम्बर (NIN) उपलब्ध गराउनुहुन यसै सूचना मार्फत अनुरोध गरिन्छ। अन्यथा सामाजिक सुरक्षा भत्ताको लागि दिइने निवेदन स्वीकृत नहुने व्यहोरा जानकारी गराईन्छ।

राष्ट्रिय परिचयपत्रको लागि विवरण दर्ता गराइसकेको तर राष्ट्रिय परिचयपत्र प्राप्त नगरेका लाभग्राहीहरूले **SMS** प्रणाली मार्फत राष्ट्रिय परिचय नम्बर (NIN) प्राप्त गर्न सक्नेछन्। जसका लागि मोबाईलको Message Box मा गई **N<space>१६** अंकको आवेदन नम्बर टाइप गरी ३०००१ मा **Message** गर्न सकिनेछ। Message गरे पश्चात पनि राष्ट्रिय परिचयपत्र नम्बर (NIN) प्राप्त नभएमा विभागको हटलाईन नम्बर ०१-५९७०४४९ मा सम्पर्क गर्न सक्नुहुनेछ ।

.......................
नि. प्रमुख प्रशासकिय अधिकृत


website: www.bidurmun.gov.np Email: info@bidurmun.gov.np